# बाल अधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि, २०७८

## जलेश्वर नगरपालिका

जलेश्वर, महोत्तरी ।

प्रतिलिपि प्रमाणित

२०७८।८।२५

प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिका को कार्यालय
जलेश्वर नगरपालिका
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

# बाल अधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि, २०७८

**प्रस्तावना**

बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र सम्वर्द्धन गरी बालमैत्री नगरपालिकाको निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न समयानुकूल कानूनी व्यवस्था गर्न बान्छनीय भएकोले, संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९, नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन २०७५, प्रदेश बाल अधिकारसम्बन्धी ऐन, २०७७ र बालबालिकासम्बन्धी विद्यमान कानूनहरू तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेका विषयहरूलाई कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरी स्वीकृत गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "बाल अधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि, २०७८" रहेको छ ।

(ख) यो कार्यविधि नगर सभाले स्वीकृत गरी प्रमाणीकरण भए पश्चात तुरुन्तै लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले जलेश्वर नगरपालिका सम्झनु पर्दछ ।

(ख) "उपप्रमुख" भन्नाले यस नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ग) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(घ) "बालबालिकासम्बन्धी ऐन, २०७५" भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(ङ) "प्रदेश बाल अधिकारसम्बन्धी ऐन, २०७७" भन्नाले प्रदेश नं. २ को प्रदेश बाल अधिकारसम्बन्धी ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

(च) "कार्यविधि" भन्नाले नगरपालिकाद्वारा जारी गरिएको बाल अधिकार प्रवर्द्धन तथा संरक्षण कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

(छ) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पुरा नगरेका सबै व्यक्तिहरूलाई सम्झनु पर्दछ ।

(ज) "बालबालिका शाखा/एकाइ " भन्नाले जलेश्वर नगरकार्यपालिकाको कार्यालयमा रहेको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा र नगरपालिका भित्रका सबै वडा कार्यालयहरूमा स्थापना गरिएको बालबालिका सम्बन्धित शाखा/एकाइ/डेस्कलाई समेत सम्झनु पर्दछ ।

(झ) "स्थानीय बाल अधिकार समिति" भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिम बालबालिकाको अधिकारहरूको संरक्षण, सम्मान र परिपूर्ति गर्न गराउन नगरपालिकामा गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ञ) "वडा बाल अधिकार समिति" भन्नाले यसै कार्यविधिको दफा १७ बमोजिम वडा तहमा बालबालिकाको अधिकारहरूको संरक्षण, सम्मान र परिपूर्ति गर्न गराउन गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ट) "बालमैत्री स्थानीय शासन समिति" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ठ) "बाल क्लब" भन्नाले यस जलेश्वर नगरपालिकाद्वारा जारी गरेको बाल क्लब गठन तथा सहजिकरण निर्देशिका, २०७८ बमोजिम गठन वा पुनर्गठन भई क्रियाशील रहेका बाल क्लबहरूलाई सम्झनु पर्दछ ।



जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(ड) “बाल क्लब सञ्जाल” भन्नाले जलेश्वर नगरपालिकाद्वारा जारी गरेको बाल क्लब गठन तथा सहजिकरण निर्देशिका, २०७८ बमोजिम गठन वा पुनर्गठन भई क्रियाशील रहेका बाल क्लबहरूको सञ्जाललाई सम्झनु पर्दछ ।

(ढ) “संरक्षक” भन्नाले अभिभावकविहीन बालबालिकालाई अभिभाकत्व प्रदान गर्न यस कार्यविधि अनुरुप नियुक्त गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ण) “गैरसरकारी संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई नगरपालिकासँग समन्वय गरी कार्य गर्ने नाफारहित सामाजिक संस्थालाई सम्झनु पर्दछ ।

(त) “बाल कोष” भन्नाले यस नगरपालिकाको बाल कोष सञ्चालन कार्यविधि, २०७७ अनुरुप स्थापना गरी कार्यान्वयनमा रहेको बाल कोषलाई सम्झनु पर्दछ ।

(थ) “नगर सभा” भन्नाले नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(द) “नगर कार्यपालिका” भन्नाले जलेश्वर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ध) “अनाथ बालबालिका” भन्नाले प्रचलित कानून बमोजिम परिभाषित अनाथ बालबालिका सम्झनु पर्दछ ।

(न) “कसुरजन्य कार्य” भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर सम्झनु पर्दछ ।

(प) “बाल गृह” भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५२ अनुसारको बाल गृह सम्झनु पर्दछ ।

(फ) “बाल गृह मापदण्ड” भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५२ अनुसारको मापदण्ड सम्झनु पर्दछ ।

(ब) “मनोसामाजिक सेवा” भन्नाले बाल मनोवैज्ञानिक, विशेषज्ञ, मनोसामाजिक विमर्शकर्ताद्धारा गरिने आंकलन, लेखाजोखा, विमर्श, प्रेषण, निदान र उपचारसम्बन्धी सेवा सम्झनु पर्दछ ।

(भ) “वडाध्यक्ष” भन्नाले नगरपालिकाअन्तर्गत वडाध्यक्ष वा सो हैसियतमा काम गर्ने पदाधिकारी सम्झनु पर्दछ । सो शब्दले वडाध्यक्षको कार्यवाहक भई काम गर्न अख्तियार पाएको सदस्यलाई समेत जनाउँछ ।

(म) “विशेष संरक्षणका आवश्यकता भएका बालबालिका” भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्दछ ।

(य) “समाजसेवी वा मनोविज्ञ” भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ को ६२ बमोजिम सूचीकृत समाजसेवी वा मनोविज्ञ व्यक्तिलाई सम्झनु पर्दछ । सो पदावलीले सम्बन्धित विषयमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत जनाउँछ ।

(र) “सेवाप्रदायक” भन्नाले नगरपालिकाको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका वा प्रवाह गर्ने दायित्व भएका सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, प्रहरी चौकी तथा यस्ता अन्य सार्वजनिक निकायलाई सम्झनु पर्दछ । सो शब्दावलीले सार्वजनिक सेवा प्रदान गर्ने निजी क्षेत्रबाट सञ्चालित बैंकिङ्ग वा सूचना सञ्चारसम्बन्धी सेवाप्रदायकलाई समेत जनाउँछ ।

(ल) “स्वास्थ्यकर्मी” भन्नाले अनुमति प्राप्त गर्ने निकायबाट चिकित्सक, स्वास्थ्य सहायक वा स्वास्थ्य सेवा दिन इजाजत प्राप्त स्वास्थ्यकर्मी सम्झनु पर्दछ ।

## परिच्छेद २
## बाल अधिकार तथा संरक्षणसम्बन्धी आधारभूत सिद्धान्तहरू

**३. बाल अधिकार प्रचलनकारी आधारभूत सिद्धान्त :** बालबालिकाका मूलभूत मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सुनिश्चितस्वरुप बालबालिकासँग सम्बन्धित कुनै पनि कार्य गर्दा बाल अधिकारसम्बन्धी राष्ट्रिय तथा अत्तराष्ट्रिय कानूनमा उल्लेख भएबमोजिम देहायका सिद्धान्तहरूलाई अवलम्बन गरिनेछ :



जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
प्रतिलिपि प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

(क) **मर्यादापूर्ण जीवनको सम्मान :** बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियतको प्रतिष्ठा मर्यादामा आघात नपर्ने गरी व्यवहार गर्ने र तिनको स्वतन्त्र पहिचानलाई तिनका बाबुआमा, संरक्षक वा माथवर व्यक्तिको व्यक्तित्वसँग अन्तरभूत विषयको रुपमा व्यवहार गर्ने,

(ख) **सर्वाङ्गिण विकासको सुनिश्चितता :** मानव व्यक्तिको रुपमा प्रत्येक बालबालिकामा रहेका प्रतिभा, क्षमता र सम्भाव्यताको पूर्ण प्रस्फुटन हुन पाउने अवसर उपलब्ध गराउँदै तिनको विकासको अधिकारलाई प्रचलनमा ल्याउन हरसम्भव प्रयास गर्ने,

(ग) **सहभागिता र अभिमतको सम्मान :** नागरिक जीवनको तयारीको रुपमा सामाजिक र सार्वजनिक जीवनमा तिनको सहभागितालाई यथासम्भव बढी स्थान दिने गरी अवसर सिर्जना गरिनेछ । बालबालिकाकै विषयमा गरिने कुनै पनि कार्यक्रम वा क्रियाकलापमा तिनलाई आधिकारिक सहभागी गराइने र तिनलाई प्रभाव पर्ने विषयमा निर्णय लिनुपर्दा सो विषयमा सम्बन्धित बालबालिकालाई तिनको विचार/अभिमत प्रकट गर्ने अवसर दिइने र सो सम्मान गर्ने र

(घ) **संरक्षणको सुनिश्चितता :** बालबालिकालाई कुनै पनि प्रकारका हिंसा, आर्थिक, सामाजिक, शारीरिक तथा यौन शोषण, भेदभाव, शारीरिक, मनोवैज्ञानिक, वौद्धिक तथा भावनात्मक दूर्व्यवहारबाट जोगाई संरक्षण सुनिश्चित गर्ने ।

**४. बाल संरक्षणका आधारभूत सिद्धान्त :** नगरपालिकाको क्षेत्रभित्र बालबालिकाको अधिकारको सम्मान र संरक्षण तथा परिपूर्ति गर्ने प्रयोजनमा बाल अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनमा उल्लेख भए बमोजिम देहायका सिद्धान्तहरूलाई अवलम्बन गर्नेछ :

(क) **मर्यादापूर्ण व्यवहार गर्ने :** प्रत्येक बालबालिकाको व्यक्तिगत सम्मान, मर्यादा तथा व्यक्तिगत गोप्यता (प्राइभेसी) खण्डित हुन नदिई व्यवहार गर्ने,

(ख) **निर्विभेदता :** प्रत्येक बालबालिकालाई निज वा निजका आमाबाबु वा संरक्षकको वर्ण, जातजाति, लिंग, यौनिकता, भाषा, धर्म, उत्पत्ति, वैचारिक आस्था, क्षेत्र, सम्पत्ति, अपाङ्गता, जन्म वा यस्ता अन्य कुनै पनि आधारमा भेदभाव नगर्ने र भेदभावरहित रुपमा तिनको उमेर सुहाउँदो व्यवहार गर्ने,

(ग) **बालबालिकाको सर्वोत्तम हित :** बालबालिकासँग सम्बन्धित कुनै निर्णय गर्नुपर्दा उसको सर्वोत्तम हितलाई प्राथमिकता दिने,

(घ) **व्यक्तिगत विवरणको गोपनियता पालन गरिने :** बालबालिकाको नामसहित व्यक्तिगत पहिचानसम्बन्धी विवरणमा सम्बन्धित बालबालिका, निजका बाबुआमा, परिवारका सदस्य वा संरक्षक र कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीबाहेक अन्यको पहुँचको विषय हुनेछैन । तर व्यक्तिगत पहिचान नखुल्ने बालबालिकाको एकीकृत तथ्याङ्कको रुपमा बालबालिकासम्बन्धी विविधिकृत तथ्याङ्क नगरपालिकाबाट प्राप्त हुनेछ ।

## परिच्छेद ३
## बाल अधिकारको संरक्षण तथा प्रचलन

**५. बाल अधिकारको संरक्षण गर्नुपर्ने :** नगरपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरूको संरक्षण र प्रचलन बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६४ बमोजिम गर्न र गराउन सक्नेछ ।

**६. आवश्यक सेवाप्रवाह सुनिश्चित गर्ने :**



प्रतिलिपि प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत
जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर, महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल

(१) बाल अधिकारको संरक्षण तथा प्रचलनको प्रयोजनका लागि नगरपालिकाले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाका लागि निम्नानुसारको सेवा सुलभ र सुनिश्चित रुपले प्रवाह गर्नेछ:

(क) गर्भवती महिलाको स्वास्थ्य र शिशुको स्वस्थ जन्मको लागि आमा तथा शिशु दुवैको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य स्याहार तथा पोषणको बन्दोबस्त,

(ख) राष्ट्रिय खोप तालिका बमोजिम खोप सेवा,

(ग) नगर क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूद्वारा नि:शुल्क परीक्षण तथा औषधी सुविधासहितको द्वैमासिक रुपमा विद्यालय स्वास्थ्य शिविर सञ्चालन,

(घ) नगर क्षेत्रभित्रका बालबालिकालाई समाजिक सेवा तथा मनोवैज्ञानिक सेवा दिने, समाजसेवी र मनोविज्ञको सूचीकरण र उपलब्ध जनशक्तिको अद्यावधिक अभिलेख व्यवस्थापन तथा सेवा प्रवाह,

(ङ) हिंसा, परित्याग वा अन्य दूर्व्यवहारबाट पीडित बनेका बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहारको बन्दोबस्त,

(च) विपद् तथा प्रकोपबाट (भूकम्प, बाढी, डुवान, पहिरो, आगलागी, वन्यजन्तुको आक्रमण) प्रभावित बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन स्याहार सहायता,

(छ) स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा,

(ज) नगर क्षेत्रभित्रका बालबालिकाको निर्वाध जन्मदर्ता,

(झ) विशिष्टीकृत सेवा उपलब्ध हुने निकाय वा सेवाप्रदायक समक्ष प्रेषण तथा सिफारिस,

(ञ) आपत्मा परेका, बेवारिसे फेला परेका वा हराएका बालबालिकाको खोज उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि हेल्पलाईन तथा खोजतलास सेवा र

(ट) बालहित तथा बालमैत्री वातावरणमा सेवा पाउने सुनिश्चितताका लागि आवश्यक अन्य बन्दोबस्त ।

(२) नगरपालिकाको क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सार्वजनिक, सामाजिक वा निजी सेवाप्रदायक निकाय, संस्था, विद्यालयहरूमा बालमैत्री सेवा प्रवाह तथा बालबालिकाविरुद्धका कुनै पनि प्रकारका हिंसा वा दूर्व्यवहार रोकथाम तथा निवारणका लागि नगरपालिकाले बाल अधिकार संरक्षण मापदण्ड निर्माण गरी लागू गर्न गराउनेछ ।

(३) नगर क्षेत्रभित्रका बालबालिकाको संरक्षणका लागि नगरपालिकाले देहायका उपायहरू अवलम्बन गर्नेछ :-

(क) विद्यालयमा राजनीतिक गतिविधि गर्न र बालबालिकालाई दलगत राजनीतिक क्रियाकलापमा सहभागी गराउने कार्यलाई निषेध गर्ने,

(ख) विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निष्कासन गर्ने परिपाटीको अन्त्यको प्रयास कायम राख्ने,

(ग) बालबालिकाको उपस्थिति रहने विद्यालय तथा अन्य सेवाप्रवाह स्थानमा तिनका लागि सफा खानेपानी, आरामकक्ष, शौचालय तथा किशोरीका लागि सेनेटरी प्याड सहितका प्राथमिक स्वास्थ्य उपचार सामग्रीको बन्दोबस्त गर्ने,

(घ) विद्यालय र समुदायमा बालबालिकाविरुद्ध हुन सक्ने सबै प्रकारका हानिको रोकथाम तथा भयरहित शिक्षण तथा सामुदायिक सिकाईका लागि बाल क्लबमार्फत बालबालिकाका रचनात्मक क्रियाकलापलाई प्रोत्साहित गर्ने,

(ङ) बालबालिकाविरुद्ध हुन सक्ने हिंसा, दूर्व्यवहार तथा शोषणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली क्रियाशील बनाउने र प्रेषण प्रणालीलाई प्रभावकारी पार्ने,

(च) नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, वडाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासनसम्बन्धी प्रशिक्षित गर्ने,



जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल २०७३

प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

(छ) बाल संरक्षण तथा प्रेषण प्रणालीलाई वडा तथा नगरपालिकाको योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी नियमित चालु राख्ने,

(ज) प्रत्येक वडामा बाल उद्यान र खेलमैदान, पुस्तकालय तथा वाचनालयहरूको व्यवस्था तथा सञ्चालन गर्ने,

(झ) नगरपालिकाभित्रका ४-५ बर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्र र ६-१३ बर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने बन्दोबस्त गर्ने,

(ञ) बाल विवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह तथा बालश्रमको प्रयोगजस्ता कानूनद्वारा निषेध गरिएका क्रियाकलापको निगरानी तथा कानूनी कारवाहीका लागि प्रेषण गर्ने,

(ट) नगरपालिकाको क्षेत्रभित्र कसैले बालबालिकासम्बन्धी ऐन, २०७५ परिच्छेद २ अनुसारका बाल अधिकारको उल्लंघन गरेमा वा परिच्छेद ३ अनुसार दायित्व पूरा नगरेमा दफा ६४ बमोजिम पीडित बालबालिकाको तर्फबाट निवेदन परेमा न्यायिक समितिले आवश्यक कारवाही गरी बाल अधिकार प्रचलन गराउन सक्नेछ ।

**७. नगरपालिका क्षेत्रभित्रका बालबालिकासम्बन्धी अद्यावधिक तथ्याङ्कीय विवरण राख्ने :**

(१) नगरपालिकाले आफ्ना क्षेत्रभित्रका १८ वर्षको उमेर पूरा नभएका सबै बालबालिकाको अद्यावधिक एकीकृत तथ्याङ्कीय विवरण राख्न सक्नेछ ।

(२) नगरपालिकाले यस्तो तथ्याङ्कीय अद्यावधिक विवरण वडागत रुपमा राख्न वडा समिति, वडाअध्यक्ष, वडा कार्यालय र वडा बाल अधिकार समितिहरूलाई निर्दिष्ट गर्न सक्नेछ ।

**८. बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितता :**

(१) बालबालिकाले प्रत्यक्ष सहभागी हुने र सेवा लिने निकायहरू वा सेवाप्रदायका संरचना र व्यवहार बालमैत्री र बाल सुरक्षित भएको सुनिश्चित गर्न नगरपालिकाले मन्त्रालयले जारी गरेको मापदण्ड बमोजिम बालमैत्री अवस्थाको भौतिक, प्राविधिक तथा मानवीय सहजताको लेखाजोखा गर्न सक्नेछ ।

(२) लेखाजोखा प्रतिवेदनको आधारमा नगरपालिकाले आफ्नो क्षेत्रभित्र बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायक संस्थाको भौतिक संरचनालाई बालमैत्री हुने गरी निर्माण गर्न वा मर्मत सुधार गर्न लगाउन सक्नेछ ।

(३) बालबालिकालाई सेवा प्रदान गर्ने निकाय वा सेवाप्रदायकलाई सेवाप्रवाह बालमैत्री बनाउन नगरपालिकाले निर्देशन दिन, क्षमता विकास र सुधारका कार्यका लागि सहायता प्रदान वा आवश्यक सहजिकरण गर्न सक्नेछ ।

## परिच्छेद ४
## बालबालिकाको विशेष संरक्षण तथा पुनर्स्थापना

**९. वैकल्पिक हेरचाहको प्रबन्ध :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रमा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्न सक्नेछ ।

(२) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ (१) को खण्ड (क) देखि (ङ) सम्म उल्लेख भएका कुनै पनि बालबालिका नगरपालिकाको इलाकामा असंरक्षित वा बेवारिसे अवस्थामा रहेको सूचना प्राप्त हुनासाथ बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको प्रबन्ध यथाशीघ्र मिलाउन सक्नेछ ।

(३) वैकल्पिक हेरचाहको प्रबन्धको प्राथमिक विचार गर्दा बालकल्याण अधिकारीले सर्वप्रथम हेरचाह आवश्यक भएको बाबु वा आमातर्फका नातेदारहरूमध्ये सबैभन्दा नजिकको नातामा पर्ने प्राथमिकताक्रमलाई प्रश्रय दिनुपर्नेछ र मुलुकी देवानी संहिता २०७४ को भाग ३ पारिवारिक कानूनसम्बन्धी परिच्छेद ६ को संरक्षक र परिच्छेद ७ को



जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
प्रतिलिपि प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

माथवरसम्बन्धी व्यवस्थाले निर्देश गरेअनुसारका बालबालिकाका अधिकार संरक्षित हुने गरी हेरचाहको प्रबन्ध मिलाउनु पर्नेछ ।

(४) नजिकको नातेदारमार्फत वैकल्पिक हेरचाह सम्भव नभएमा त्यस्तो बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिको संरक्षकत्वमा रहने गरी हेरचाहको प्रबन्ध मिलाउनु पर्नेछ ।

(५) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४८ (१) को खण्ड (च) र (छ) अनुसारका बालबालिकाका लागि वैकल्पिक हेरचाहका लागि यथासम्भव परिवारमा आधारित हेरचाह गर्ने संस्थालाई प्राथमिकता दिनु पर्नेछ ।

(६) पारिवारिक हेरचाह गर्ने संस्था नभएमा बाल गृहमा त्यस्ता बालबालिकाको वैकल्पिक हेरचाह गराउने प्रबन्ध मिलाउनुपर्नेछ ।

(७) नगरपालिकाको क्षेत्रमा कसैले अनाथ, बेवारिसे वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिभावक नभएको बालबालिका फेला पारेमा वा रहे भएको जानकारी भएमा <u>**अनुसूची १**</u> बमोजिमको ढाँचाको विवरणसहित बालकल्याण अधिकारी वा स्थानीय प्रहरी कार्यालयलाई सूचना उपलब्ध गराइदिनुपर्छ ।

**१०. बाल गृहको स्थापना तथा सञ्चालन :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र फेला परेका विशेष संरक्षणको आवंश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि बाल गृह स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(२) आफ्नो क्षेत्रभित्र परोपकारको उद्देश्यले कानूनबमोजिम कुनै संस्थाले अनाथ बालआश्रम वा अनाथालय वा बाल गृह सञ्चालनमा ल्याएको वा सञ्चालन गरेमा बालकल्याण अधिकारीले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षणार्थ पठाउन सक्नेछ । यसरी संरक्षणार्थ पठाइएको बालबालिकालाई त्यस्तो बाल आश्रम वा अनाथालय वा बाल गृहले उचित हेरचाह तथा संरक्षणको व्यवस्था मिलाउनुपर्नेछ ।

(३) अनाथ बाल आश्रम वा अनाथालय तथा बाल गृहको भौतिक पूर्वाधार, बन्दोबस्ती जनशक्ति तथा सञ्चालन बाल गृह मापदण्ड बमोजिम हुनेछ ।

## परिच्छेद ५
## बाल सहभागिता तथा बाल क्लब सञ्चालन

**११. बाल सहभागिताको अभ्यास :**

(१) नगरपालिकाले बालबालिकालाई आफूलाई असर पार्ने विषयमा आफ्नो धारणा बनाउन र व्यक्त गर्ने सक्षम बनाउने प्रयोजनका लागि परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्थाबाट गरिने बालबालिकासम्बन्धी निर्णय प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्द्धन गर्नेछ ।

(२) बाल सहभागिता प्रवर्द्धनका लागि नगरपालिकाबाट देहायका उपायहरू अवलम्बन गरिनेछन् ।

(क) बालबालिकासँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको सन्दर्भमा बालबालिकासँग वडास्तरीय सहभागितात्मक छलफल गर्ने,

(ख) बाल सुरक्षा, शिक्षा र खेलकूद लगायत तिनको प्रतिभा विकासका ठोस कार्यक्रम तर्जुमा गरी लागू गर्ने र त्यसमा बालबालिकालाई स्वैच्छिक रुपमा व्यवस्थापकीय भूमिका खेल्ने अवसर दिने,

(ग) बालबालिकाको क्षमता तथा सीप विकास, प्रतिभा प्रस्फुटनका लागि उनीहरूकै पहलमा बाल हितकारी सूचना सामग्री, भित्तेपत्रिका प्रकाशन र रेडियो कार्यक्रम सञ्चालन गर्नमा आवश्यक स्रोत साधन उपलब्ध गराउने,

(घ) बालबालिकाको पहलमा बाल क्लब र बाल क्लब सञ्जाल दर्ताको लागि निवेदन आएमा बाल क्लब र बाल क्लब सञ्जाल सूचिकृत गरी प्रमाण पत्र निःशुल्क उपलब्ध उपलब्ध गराउने र सञ्चालनका लागि सहजिकरण गर्ने,



जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल
प्रतिलिपि प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

(ङ) बाल क्लब र बाल क्लब सञ्जालको नविकरण गर्ने र

(च) बाल सहभागिता र बालबालिकाको धारणा व्यक्त गर्ने र सुनुवाई हुने वातावरण सिर्जना गर्न कार्यक्रम तय र सञ्चालन गर्ने ।

**(१२) बाल क्लब र बाल क्लब सञ्जालको गठन, परिचालन र सूचिकृत सहजिकरण** : (१) बाल क्लब र बाल क्लब सञ्जालको गठन, परिचालन र सूचिकृत सहजिकरण यस नगरपालिकाको बाल क्लब गठन तथा सहजिकरण निर्देशिका २०७८ बमोजिम हुनेछ ।

## परिच्छेद ६
## स्थानीय बाल अधिकार समितिसम्बन्धी व्यवस्था

**(१३) स्थानीय बाल अधिकार समिति गठन :**

(१) नगरपालिकामा देहाय बमोजिमको स्थानीय बाल अधिकार समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) नगरपालिकाको उपप्रमुख | अध्यक्ष |
| (ख) नगरकार्यपालिकाले तोकेको महिला सहित २ जना कार्यपालिका सदस्य | सदस्य |
| (ग) नगरपालिका भित्रका विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट १ जना | सदस्य |
| (घ) सूचीकृत समाजसेवी र बाल मनोविज्ञ २ जना | सदस्य |
| (ङ) नगरपालिका भित्रको प्रमुख अस्पतालको चिकित्सक १ जना | सदस्य |
| (च) नगरपालिकाको बालबालिका, शिक्षा, स्वास्थ्यर प्रशासन शाखा प्रमुख ४ जना | सदस्य |
| (छ) नगर बाल क्लब सञ्जालका प्रतिनिधि बालिका सहित २ जना | सदस्य |
| (ज) स्थानीय प्रहरी प्रमुख वा प्रतिनीधि, नेपाल प्रहरी | सदस्य |
| (झ) बाल अधिकार, संरक्षण, कल्याण, बालन्यायको कार्यानुभवी व्यक्ति/संस्था मध्येबाट नगरकार्यपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना | सदस्य |
| (ञ) बाल कल्याण अधिकारी | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

**१४. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :**

(१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको दीर्घकालिन नीति, योजना र बार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नगरपालिकालाई सुझाव दिने,

(ग) नगरपालिकाद्धारा सञ्चालित बालबालिकासम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन र समिक्षा गरी सुझाव दिने,

(घ) नगरपालिकाभित्र हुन सक्ने बाल विवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुर्नस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजिकरण गर्ने,

प्रतिलिपि प्रमाणित



जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल २०७३
प्रमुख प्रशासकिय अधिकृत

(ङ) नगरपालिका भित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासनको अवलम्वनका साथै बालमैत्री वडा तथा पालिका घोषणाको नेतृत्व लिने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) नगरपालिकामा एक आर्थिक बर्षमा बालबालिकासम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिकासम्बन्धी स्थानीय बार्षिक प्रतिवेदन कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा नगरपालिकामा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(झ) बालबालिकासम्बन्धी तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ट) नगरपालिकामार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तराष्ट्रिय संघसंस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकुल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्द्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) नगरपालिकामा बालबालिका खोजतलास केन्द्र तथा बाल हेल्पलाइन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजिकरण गर्ने,

(ढ) धर्मपुत्र, धर्मपुत्री लिन दिन चाहने दम्पति तथा व्यक्तिलाई समितिमा सूचीकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजिकरण गर्ने,

(ण) विशेष संरक्षणका आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न नगरपालिका र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारवाही गर्न सुझाव तथा प्रतिवेदनसहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) नगरपालिकाभित्र हुनसक्ने बाढी, पहिरो, डुवान, हुरी बतास, शीतलहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूएन्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) नगरपालिकाभित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायत आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एक/एक प्रति वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको व्यक्तिगत विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

प्रतिलिपि प्रमाणित

जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकिय अधिकृत

(३) बाल क्लब गठन गरी बालबालिकालाई खेलकुद, मनोरञ्जन तथा सास्कृतिक कार्यक्रम लगायत बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई प्रचलित ऐन, कानून तथा मापदण्ड बमोजिम सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका बैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकतानुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अभिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

(७) व्यवस्थापन कक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरू प्राप्त गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकतानुसार वडास्तरीय बाल अधिकार समिति वा बालकल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१५. स्थानीय बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :**

स्थानीय बाल अधिकार समितिको बैठकसम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ :

(१) समितिको बैठक कम्तिमा बर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ,

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचनासहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिन सक्नेछ,

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ,

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ, र

(९) बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१६. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने :**

(१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारुरुपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ, बाल मनोविज्ञ, समाजसेवी, सामाजिक सेवाकर्ता, शिक्षक, चिकित्सक, बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरू मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।



प्रतिलिपि प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

जलेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय जलेश्वर, महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल

**१७. वडा स्तरीय बाल अधिकार समिति :**

(१) वडा स्तरीय बाल अधिकार समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्य रहनेछन् :

(क) सम्बन्धित वडाको वडा अध्यक्ष — अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्यसहित २ जना वडा सदस्य — सदस्य

(ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापक वा निजले तोकेको फोकल शिक्षकमध्येबाट १ जना — सदस्य

(घ) वडास्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना — सदस्य

(ङ) वडा/स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी — सदस्य

(च) वडामा रहेको स्वास्थ्य चौकीको प्रमुख तथा प्रतिनिधि — सदस्य

(छ) समाजसेवी, बालमनोविज्ञ, बाल अधिकार/बाल न्यायका कार्यानुभवी व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका २ महिला सहित बढीमा ४ जना — सदस्य

(छ) वडा सचिव — सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि चार बर्षको हुनेछ ।

(३) समितिले आवश्यकतानुसार समितिको सदस्य नरहेका वडा सदस्य, वडास्थित विद्यालय व्यवस्थापन समिति वा संघसंस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

**१८. वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार:**

(१) वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकारसम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने,

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने,

(ग) वडालाई बालमैत्री बनाउने सिंगो प्रक्रियाको नेतृत्व लिने,

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने,

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको सङ्कलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने,

(च) बालबालिकासँग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने,

(छ) वडा स्तरमा बाल विवाह, उमेर नपुगी र जवरजस्ती गरिने विवाह, बाल श्रम, बेचविखन, ओसारपसार, हिंसा, दुर्व्यहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ज) सार्वजनिक सुनुवाइका समयमा नगरपालिकाबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था तथा सेवाहरूको नक्साङ्कन गर्ने,

(ञ) बाल अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि बहुपक्षीय निकायहरूसँग समन्वय तथा सहकार्य गर्ने,

(ट) वडामा रहेका बाल क्लब, सञ्जालको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने,

(ठ) वडामा रहेको बालबालिकाको आवश्कता अनुसार खण्डीकृत तथ्यांक संकलन गर्ने गराउने ।

(ड) वडामा सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने,

(ढ) स्थानीय बालअधिकार समितिको निर्देशन र आवश्यकता अनुसार अन्य बालअधिकार प्रवर्द्धन तथा संरक्षणात्मक कार्य गर्ने गराउने ।

प्रतिलिपि प्रमाणित



जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर, महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

**१९. वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :**

वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छ :

(१) समितिको बैठक कम्तिमा बर्षको चार पटक अध्यक्षले तोको मिति, समय र स्थानमा बस्नेछ,

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ,

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहति बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ,

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत् भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ,

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिन सक्नेछ,

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्धारा प्रमाणित गरिनेछ,

(८) समितिको बैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ, र

(९) बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ७
## बाल कल्याण अधिकारी

**२०. बाल कल्याण अधिकारीको नियुक्ति :**

(१) नगरपालिकाले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ६१ को उपदफा (१) बमोजिम बालकल्याण अधिकारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्त नभएसम्म नगरपालिकाले महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाका प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त वा उपदफा (२) अन्तर्गत तोकिएको बालकल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ ।

**२१. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :**

बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) स्थानीय बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति र योजना अनुरुप समितिको बार्षिक कार्यक्रम र वजेट कार्यान्वयन गर्न नगरपालिका र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवम् कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने,

(ग) नगरपालिकाभित्र स्थायी तथा अस्थायी रुपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन, अद्यावधिक र विश्लेषण गरी प्रतिवेदन गर्ने,

(घ) नगरपालिकामा जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबााट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा बैकल्पिक स्याहार लगायतका कार्य गर्ने,



जलेश्वर नगरपालिका नगर कार्यपालिका को कार्यालय जलेश्वर महोत्तरी जिल्ला २ नं. प्रदेश, नेपाल
प्रतिलिपि प्रमाणित
प्रमुख प्रशासकिय अधिकृत

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने,

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रुपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण नगरपालिकाबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने,

(छ) बालबालिकाविरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,

(ज) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिम नगरपालिकाभित्र भएका वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बाल अधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने,

(झ) नगरपालिकामा भएका बाल अधिकार उल्लंघनका घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण र घटना व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(ञ) मुलुकी देवानी संहिता २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने,

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने,

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजिकरण तथा सिफारिस गर्ने,

(ड) बालबालिकाको गोपनीयताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति, जिल्ला बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने,

(ढ) नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको विषयलाई प्राथमिकता दिन पहल गर्ने,

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने,

## परिच्छेद ८
## बाल मनोविज्ञ, समाजसेवी तथा सेवाप्रदायकसम्बन्धी व्यवस्था

**२२. समाजसेवी वा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति :**

(१) नगरपालिकाका क्षेत्रभित्र समाजसेवी तथा बालमनोविज्ञको रुपमा काम गर्न चाहने व्यक्तिले स्थानीय बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सामजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त स्थानीय बाल अधिकार समितिले आवश्यक कागजात तथा विवरण खुलाई सूचना जारी गर्नेछ ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रुपमा काम गर्न इन्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा विवरणसहित स्थानीय बाल अधिकार समितिमा निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझबाट तोकिएको न्यूनतम् योग्यता पुगेका निवेदनहरूलाई समाजसेवी वा बालमनोविज्ञको रुपमा सूचीकृत गरी स्थानीय बाल अधिकार समितिले सोको सूचना प्रकाशन गर्नेछ ।

प्रतिलिपि प्रमाणित



जलेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

(५) सुचीकृत समाजसेवी र बालमनोविद मध्येबाट सम्बन्धित क्षेत्रमा काम गर्ने समाजसेवी र बालमनोविज्ञको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा र अन्य निकायको हकमा सम्बन्धित निकायको लागि तोकिएको वा तोकिए बमोजिम र नगरपालिका अन्तर्गतको कामको हकमा स्थानीय बाल अधिकार समितिको सिफारिसमा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

**२३. सेवाप्रदायकको नक्साङ्कन तथा सूचीकरण :**

(१) नगरपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्बर्द्धनमा कामगर्ने संस्थाहरूलाई नगरपालिकाले सूचिकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) सूचीकृत हुन संस्थाहरूले स्थानीय बाल अधिकार समितिमा आवश्यक कागजात तथा विवरणसाथ निवेदन गर्नेछन्,

(३) उपदफा (२) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ स्थानीय बाल अधिकार समितिले तोको योग्यता पुगेका निवेदनहरूलाई सेवाप्रदायक निकायको रुपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गरेको सुचना प्रकाशन गर्नेछ,

(४) उपदफा (३) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवाप्रवाहको अवसर प्रदान गर्नेछ ।

## परिच्छेद ९
## विविध

**२४. स्रोतको व्यवस्थापन :**

नगरपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**२५. प्रोत्साहन पुरस्कारको व्यवस्था :**

बाल अधिकारको संरक्षण तथा सम्बर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बाल क्लब, सञ्जाल तथा संघसंस्थालाई नगरपालिकाले पुरस्कार दिन वा संघ-संस्थालाई आर्थिक सहयोग प्रदान गर्न सक्नेछ ।

**२६. यसै कार्यविधि बमोजिम भए गरेको मानिने :**

नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भएको गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्द्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन ।

**२७. संशोधन तथा बचाउ :**

यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरू नगरपालिका, नगर कार्यपालिकाले आवश्यकता अनुसार संसोधन गर्न सक्ने छ । यस कार्यविधिमा उल्लेख भएका विषयहरू अन्य प्रचलित कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म अमान्य हुने छ ।

प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची १

## अनाथ, बेवारिस वा स्याहार संरक्षण गर्ने बाबुआमा वा अभिावक नभएको बालबालिकासम्बन्धी सूचना

श्री बालकल्याण अधिकारी ज्यू
जलेश्वर नगरपालिका
महोत्तरी ।

विषयः बेवारिस अवस्थामा बालबालिका फेला परेकोले उद्धार तथा संरक्षणार्थ प्रस्तुत गरेको ।

महोदय,

..................... जिल्ला ............. पालिका वडा नं. .......... मा मिति ..................... बजेको समयमा बेवारिस अवस्थामा रहेको देहायबमोजिमको विवरण रहेको बालक/बालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था हुन यो जानकारी निवेदन गरेको छु :

फेला परेको बालबालिकाको नाम थर :
हुलिया :
उचाई :
उमेर :
लिंग :
शारीरिक अवस्था :
सक्षमता :
बालबालिकासम्बन्धी थाहा हुन आएको अन्य कुरा :

फेला पार्ने व्यक्तिको नाम थर :
ठेगाना :
सम्पर्क नं. :
हस्ताक्षर :

धन्यवाद ।



जलेश्वर नगरपालिका
नगर कार्यपालिका को कार्यालय
जलेश्वर महोत्तरी जिल्ला
२ नं. प्रदेश, नेपाल
२०७३

प्रतिलिपि प्रमाणित
२०८१-८-१२
प्रमुख प्रशासकिय अधिकृत